निष्पक्ष समाचारको विश्वसनीय माध्यम

# हिमाली बेला

RNI No. SIKNEP/2007/2138

## ९९ मेगावाटको छुजाचेन परियोजना जूनदेखि शुरु



गान्तोक, ६ मार्चः हिमाली राज्य सिक्किममा रहेका नद-नदी तथा खोला-नालामा जल विद्युत् परियोजना स्थापना गरी राज्यलाई आर्थिक रूपमा स्वनिर्भर बनाउने राज्य सरकारको सोचअनुरूप पूर्व जिल्लाको छुजाचेन समष्टिमा गति पावर प्रोजेक्टद्वारा निर्माणाधीन ९९ मेगावाटको परियोजनाले आगामी जून महिनादेखि राज्यलाई राजस्व दिन थाल्नेछ।

रंगेली र रम्फू खोलालाई समेटिएर बनाइएको यो परियोजना शुरु भएपछि राज्य सरकारले ३५ वर्षसम्म रोयल्टी स्वरूप सम्पूर्ण उत्पादनको १२ प्रतिशत पाउनेछ। यस अतिरिक्त दुई प्रतिशत ट्रान्समिशन चार्जका रूपमा पनि राज्य सरकारले पाउनेछ। "सिक्किम सरकारले हामीबाट प्रति वर्ष सम्पूर्ण उत्पादनको १४ प्रतिशत अंश पाउनेछ। राज्य सरकारले आफूले चाहेको कम्पनीलाई आफ्नो हिस्सा बिक्री गर्न सक्नेछ। सरकारले ३ रुपियाँ प्रति युनिटको दरले बिक्री गऱ्यो भने पनि वार्षिक लगभग ३० करोड़ रुपियाँ रोयल्टी पाउनेछ"-गति इन्फ्रास्टक्चर लिमिटेडका परियोजना प्रमुख आरके श्रीवास्तवमा पत्रकारहरूसँग कुराकानी गर्दै भने। गति इन्फ्रास्टक्चरले २००७ को जून महिनादेखि रंगेलीमा परियोजना निर्माण कार्य शुरु गरेको थियो भने आगामी २५ जूनभित्र निर्माणका सम्पूर्ण कार्य समाप्त हुनेछ। यो परियोजनाको निर्माण कार्य पूरा गर्न कम्पनीले लगभग ८४० करोड़ रुपियाँ खर्च गरेको उनले जानकारी दिए। पूर्व जिल्लाका रम्फू र रंगेली नदीको पानी संग्रह गर्न कम्पनीले ६०६ मीटर अग्ला दुईवटा बाँध निर्माण गरेको छ। परियोजनाका निम्ति ३.६ लाख क्युबिक मीटरको क्षमता भएको जलाशय पनि निर्माण गरिएको छ। "विद्युत् उत्पादन केन्द्रदेखि लगभग आठ किलोमीटर टाढ़ादेखि पानी ल्याइएको छ"-गति इन्फ्रास्टक्चरका महाप्रबन्धक (इलेक्ट्रिकल) एमके वर्माले भने। सत्तारूढ़ एसडीएफ पार्टीको भातृ संगठन अखिल सिक्किम प्रजातान्त्रिक मजदुर मोर्चाले स्थानीय मानिसहरूलाई रोजगारमा प्राथमिकता दिनुपर्ने माग लिएर गरिरहेको आन्दोलनबारे सोधिएको प्रश्नको उत्तरमा गति परियोजनाका अधिकारीहरूले सरकारको निर्देशनलाई शिरोपर गरी कम्पनीका रिक्त पदहरूमा स्थानीयलाई पहिलो प्राथमिकता दिएको जानकारी दिए। "हाम्रो कम्पनीमा कुल २३५ कर्मचारी रहेका छन्, जसमा १३५ जना स्थानीय रहेका छन्। रहल पृष्ठ ४ मा

## ९९ मेगावाटको...

उनीहरूलाई सर्वे, प्रशासन, स्टोर र खरिद-बिक्रीमा संलग्न गराइएको छ। अन्य जति पनि बाहिरका कर्मचारीहरू छन्, उनीहरू अति दक्ष रहेका छन्। हामीले परियोजनाका निम्ति भवन र वाहनहरू पनि भाड़ामा लिएका छौं। ती सबै स्थानीय रहेका छन्। मजदुर मोर्चाले जति माग गरेको छ, त्यसभन्दा काम हामीले गरेका छौं। सरकारसित भएका सम्पूर्ण समझौतालाई हामी अक्षरशः पालन गर्नेछौं"-परियोजना प्रमुख श्रीवास्तवले भने। कम्पनीले न्यूनतम रोजभन्दा कैयौं अधिक कर्मचारीहरूलाई वेतन दिइरहेको जनाउँदै उनले भने, "कम्पनीमा कार्यरत कर्मचारीहरूलाई हामीले न्यूनतम रोजभन्दा कैयौं धेरै दिएका छौं। कम्पनीमा कार्यरत स्थानीय र बाहिरका कर्मचारीहरूमा कुनै भेदभाव गरिएको छैन।" परियोजना प्रबन्धन पक्षले कर्मचारीहरूलाई दशैंको अवसरमा बोनस वितरण गरिरहेको छ भने सबै कर्मचारीलाई राष्ट्रिय क्षतिपूर्ति योजनासहित अतिरिक्त पाँच लाख रुपियाँको बीमा पनि गरेको बताइएको छ। यसरी नै कर्मचारीहरूलाई वार्षिक ६००० रुपियाँ चिकित्सा भत्ता पनि कम्पनीले दिइरहेको छ। राज्य सरकारले परियोजना शुरु गर्न हरियो संकेत दिएपछि गति पावर प्रोजेक्ट ९९ मेगावाट क्षमता रहेको परियोजनाको निर्माण कार्यलाई अघि बढ़ाइरहेको छ। राज्य सरकारसित ९९ मेगावाटको परियोजना शुरु गर्न अनुमति पाउने गति इन्फ्रास्टक्चर लिमिटेड पहिलो निजी विद्युत् विकासक हो।